नेपाल मानव अधिकार संगठन
Human Rights Organisation of Nepal
Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)
केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu
Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org

च.नं १४७/०८२

## आन्दोलन र बल प्रयोगप्रति गम्भीर चिन्ता: संयमता र न्यायिक प्रक्रियाको सम्मान गर्न नेपाल मानव अधिकार संगठनको अपिल

२०८२ फाल्गुन २१ को आम निर्वाचन मार्फत नयाँ सरकार बने पश्चात् सरकारले चालेका कदमहरुको विरुद्धमा राजनैतिक दलहरु देशभर आन्दोलित भई सडक संघर्ष गरिरहेको र आन्दोलन रोक्ने क्रममा सरकारका तर्फबाट भएका बल प्रयोगका घटनाहरु तथा आन्दोलनकारीको गतिविधिको सम्बन्धमा यो संगठन गम्भिर चासो व्यक्त गर्दछ ।

देशले लोकतान्त्रिक, गणतान्त्रिक संविधान अंगिकार गर्दै वैयक्तिक अधिकार, मानव अधिकार, मानोवचित व्यवहार, कानुनी शासन, स्वतन्त्रता, समानता, न्ययिक अधिकार र शक्ति सन्तुलनको सिद्दान्तको पूर्णपालनामा कटिवद्दता तथा मानव अधिकारसंग सम्बन्धित अन्तराष्टिय सन्धि, महासन्धिको पक्ष राष्ट्र हुनुका् साथै "कानुन कार्यान्वन गर्ने अधिकारिहरुद्दारा बल तथा आग्नेयास्त्र प्रयोग सम्बन्धि आधारभुत सिद्दान्त १९९०" स्वीकारेको राष्ट्र हो भन्ने स्मरण गराउँदछौ । आन्दोलित पक्षले आफ्ना मागहरु शान्तिपूर्वक राख्न पाउने अधिकारको सबै पक्षबाट सम्मान हुनुपर्दछ र शान्तिपुर्वक प्रर्दशनमा सहभागी भएकै आधारमा मुद्दा मामिलामा फसाउने तथा नियन्त्रणको नाममा अत्याधिक बल प्रयोग गर्ने कार्य गैर कानुनी, गैर संवैधानिक हुनुका साथै आन्दोलनको विषय हाल अदालतमा विचाराधिन रहेकाले न्यायिक निष्पक्षताको सम्मान तथा प्रर्दशन हिंसात्मक बनाई भौतिक क्षति तर्फ उन्मुख हुनु, ढुङ्गामुढामा विश्वास गर्नु लोकतान्त्रिक प्रणाली विरुद्दको गैर जिम्मेवारीता हो भन्ने संगठनको ठम्माई छ ।

यसर्थ आन्दोलित शक्तिले न्यायिक निष्पक्षता र स्वतन्त्रताको सम्मान गरि न्यायिक निर्णयको शान्तिपुर्वक प्रतिक्षा गर्न र नेपाल सरकारले आन्दोलनकारी उपर अत्याधिक बल प्रयोग नगर्न नगराउन तथा दुवै पक्षबाट थप झडप निम्ताउने कार्यहरु नगर्न न्यायिक प्रकियालाइ सम्मान गर्दै संयमित हुन यो संगठन सरोकारवालाहरुमा हर्दिक अपिल गर्दछ ।

मिति: २०८२/१२/१७

इन्द्र प्रसाद अर्याल
अध्यक्ष